स्थायी लेखा नं.: २०१२९६१९०
कार्यालय कोड नं.: ८०१०५५८०२

ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality

☎९८५८०७२१११

# नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

(Google Plus Code: C8RJ+C6 Neulapur) सैनवार, बर्दिया
Sainwar, Bardiya

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं.२०८०/८१

मिति: २०८०/१२/०९

च.नं. २०२१

विषय: सहकारी संस्थाहरूलाई अन्तिम पटक निर्देशन गरिएको सम्बन्धमा ।

श्री ठाकुरबाबा नगरपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरू सबै ।

संविधानतः अर्थतन्त्रको एक खम्बाका रूपमा सहकारी क्षेत्र रहेको र यसले अर्थतन्त्रका क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको सर्वविदितै छ । तापनि हाल देशका विभिन्न स्थानहरूबाट सहकारी संस्थाहरूका बारेमा विभिन्न नकारात्मक समाचारहरू आइरहेको पाइन्छ । उक्त नकारात्मक समाचारहरूबाट जनमानसमा पर्न सक्ने नकारात्मक प्रभावलाई रोकी सकारात्मक सन्देश प्रवाह गर्नु हामी सबैको महत्त्वपूर्ण जिम्मेवारीको विषय हो ।

यसै सन्दर्भमा यस नगरपालिकालाई कार्यक्षेत्र बनाई यस नगरपालिकाको नियमन भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूलाई तपसिल बमोजिम च.नं. ३७८८ र मिति २०८०।२।२३ मा निर्देशन गरिसकिएको र पुनः अन्तिम पटक १५ दिनका लागि निर्देशन गरिएको व्यहोरा जानकारी गराइन्छ । साथै निर्देशनहरूको पालना गरी सहकारी संस्था तथा संस्थाहरूका गतिविधिहरू सञ्चालन हुने अपेक्षा गरिएको छ ।

प्रचलित सहकारी कानून र निर्देशनहरू विपरीत कुनै काम कारबाही भए गरेको पाइएमा कानून बमोजिम कारबाही गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

२०८०।१२।०८
.....................
निमित्त प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

१) संघीय/प्रदेश/स्थानीय सहकारी ऐन, नियम, कार्यविधि, निर्देशिका, निर्देशन मापदण्ड आदि बमोजिम सहकारी संस्था तथा संस्थाका गतिविधिहरू सञ्चालन गर्ने ।

२) सहकारी विभागले मिति २०७८/११/०१ र मिति २०७९/०४/३१ मा जारी गरेका निर्देशनहरू बमोजिमका कार्यहरू गर्ने (निर्देशनहरू यस नगरपालिकाको वेबसाइटमा राखिएको छ)।

३) सहकारी संस्थाको साधारणसभाले वा साधारणसभाको प्रत्यायोजित अधिकार बमोजिम सञ्चालक समितिले वि.सं. २०८० को फागुन मसान्तसम्म जारी गरेका/गर्ने कर्मचारी, बचत तथा ऋण, आन्तरिक नियन्त्रण तथा सुशासन आदि विषयका सम्बन्धमा नीति / रणनीति / कार्यविधि / निर्देशिका / मापदण्ड/ योजना / कार्ययोजना आदि मिति २०८०/११/मसान्तसम्म अनिवार्य रूपमा यस नगरपालिकालाई उपलब्ध गराउने ।

४) सहकारी संस्थाहरूको आ.व. २०७७/०७८, २०७८/०७९ र २०७९/०८० सम्मका आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरू, अन्तिम लेखापरीक्षण प्रतिवेदनहरू, लेखापरीक्षक नियुक्तिका पत्रहरूका प्रमाणित प्रतिलिपिहरू मिति २०८०/११/मसान्तसम्म अनिवार्य रूपमा यस नगरपालिकालाई उपलब्ध गराउने ।

५) संस्थाको साधारण सभा गर्दा सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७६ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम गर्ने र साधारण सभा हुँदा यस नगरपालिकालाई आमन्त्रणको पत्र मात्रै प्रेषण गर्ने गरिएको हुँदा उक्त निर्देशिकाको दफा १५ बमोजिम गर्ने ।

६) कतिपय सहकारी संस्थाहरूबाट विनियम पुनर्लेखन भनी यस नगरपालिकामा कागजातहरू पेश भएका छन् । विनियम पुनर्लेखन प्रचलित सहकारी कानूनहरूले परिभाषित नगरेको शब्द हो । यसर्थ सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७६ (पहिलो संशोधन, २०७७ सहित) को परिच्छेद- ६ विनियम संशोधन शीर्षक अन्तर्गत दफा ४८ देखि दफा ५५ सम्मको व्यवस्था बमोजिम नभएको



निमित्त प्रमुख प्रशासकीय अधिकृत

स्थायी लेखा नं.: २०१२९६११०
कार्यालय कोड नं.: ८०१०५५८०२

ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality

☎९८५८०७२१११

# नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

(Google Plus Code: C8RJ+C6 Neulapur)
सैनवार, बर्दिया
Sainawar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

देखिएकाले सो बमोजिम गर्न हाल पुनर्लेखन /संशोधन भनी पेश भएका फाइलहरू सम्बन्धित संस्थाहरूलाई फिर्ता दिने ।

७) सहकारी संस्थाहरूको कोपोमिसमा राख्नुपर्ने विवरणहरू तथा प्रतिवेदनहरू, पल्सका सूचकहरू तथा प्रतिवेदनहरू, सदस्य केन्द्रीय सूचकाङ्कहरू लगायतका अवस्था समेतको स्वमूल्याङ्कन गरी सोका प्रमाणित प्रतिलिपिहरू यस नगरपालिकालाई मिति २०८०/११/मसान्तसम्म अनिवार्य रूपमा उपलब्ध गराउने ।

८) संस्थाको लेखापरीक्षण गर्दा सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ बमोजिम गर्ने ।

९) संस्थाका प्रशासनिक तथा वित्तीय अभिलेखहरू/प्रतिवेदनहरू, कोषहरूका रकमको उपयोगका पुष्ट्याइँ हुने कागजातहरू, रजिष्टरहरू आदि व्यवस्थित राख्ने ।

१०)यस नगरपालिकाबाट च.नं. १२९८ र मिति २०८०।०८।१० मा जारी भएको निर्देशन बमोजिमको कार्य गर्न बाँकी रहेका संस्थाहरूले यस सूचनाले तोकेको अवधिभित्र गर्ने ।

<u>पुनश्च:</u> यस निर्देशन अघि यस नगरपालिकाबाट भएका निर्णय तथा कार्यहरू यसै बमोजिम भएको मानिनेछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत